# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ | सङ्ख्या : १ | मिति : २०८१/०३/१०


## भाग-१

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१०

**"समतामूलक समाज र समुन्नत हतुवागढी:**

**कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"**

हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम–२०८१/०८२

गाउँसभाका उपाध्यक्ष लगायत सम्पूर्ण सदस्यज्यूहरु,

नेपालको संविधान, २०७२ ले व्यवस्था गरेको संघीयतामा प्रवेश गरे पछिको स्थानीय तहको ऐतिहासिक दोस्रो कार्यकालको लागि २०७९ बैशाख ३० गते निर्वाचन सम्पन्न पश्चात पहिलो दुई वर्षको अवधि व्यतित गरी गाउँसभाको १५ औं अधिवेशनमा उपस्थित छौं। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमादाजुभाई ,बुवा , तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद राजनीतिक अग्रगमन र लोकतन्त्रको ,व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२०६२-६३ को ऐतिहासिक जनआन्दोलनको उपलब्धीलाई संस्थागत गर्न जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको नेपालको संविधान, २०७२ मा व्यवस्था भए बमोजिम केन्द्र, प्रदेश र स्थानीय तहको नयाँ संरचनामा ७५३ स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारको गठन भई स्थानीय तहका सदस्यहरुको निर्वाचन, २०७९ सम्पन्न भई उक्त निर्वाचनमा निर्वाचित भएपछिको पहिलो वर्षको नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात तेस्रो वर्षको नीति कार्यक्रम प्रस्तुत भइरहेको छ। यस हतुवागढी गाउँपालिकाको योजना तथा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न तथा नयाँ सोच तथा विचारका साथ आगामी आ.व .२०८१०८-२ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाको प्रक्रियामा उपस्थित छौं।

हतुवागढी गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशनमा उपस्थित सम्पूर्ण सदस्यहरुमा गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु।

**क) गाउँपालिकाको विद्यमान सामाजिक, आर्थिक र राजनीतिक परिवेशः**

आज आ .व.२०८१०८२- को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा कतिपय विधिगत तथा नीतिगत रुपमा संघीयता र स्थानीय शासनको प्रयोगको संक्रमणकालिन चरणहरु पार गर्दै नयाँ अध्यायमा प्रवेश गरेका छौ। जनताको अपेक्षा धेरै हुनु स्वभाविक हो, हामीले परिकल्पना गरेको,

सोचेको, थालेको महत्वपूर्ण कामहरुलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता रहेको छ। संघीय सरकारले अनुमान गरे बमोजिम राजश्व परिचालन गर्न नसकेकोले स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ जसले गर्दा गाउँपालिकाले राजश्व बाँडफाँडबाट प्राप्त हुनुपर्ने रकम करिब ६५ प्रतिशतमात्र प्राप्त भएको तथा समानीकरण अनुदान करिब २६ प्रतिशत रकम प्राप्त नभएकोले स्रोत अभावले संचालित योजनाहरु अपुरो हुने तथा निर्माण सम्पन्न गराउन नसकिने तथा भौतिक निर्माणका कार्यहरुमा शिथिलता आउने अवस्था छ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर बनाएको छ ।आन्तरिक र वाह्य बसाँइसराइका कारण नेपालका पहाडी बस्ती तथा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुग्दै गर्दा हतुवागढी गाउँपालिकाबाट तराई तथा शहरी क्षेत्रमा बसाईंसराईको बढ्दो क्रमले जनसंख्या अघिल्लो जनगणनाभन्दा करिब ४००० कम भएको छ।उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन, बस्तीहरु जंगल र झाडीमा रुपान्तरण भैरहेका छन् भने खेतीपातीमा जंगली जनावार बाँदर, भालु, दुम्सी लगायतले दुख दिःई बालीनालीमा अपुरणीय क्षति पुर्याई खाद्य श्रृङ्खला समेत बिग्रिएको अवस्था छ। विद्यालयमा विद्यार्थीहरुको संख्या न्यून भएको छन् जसले गर्दा विद्यालयहरु आपसमा मर्ज गर्न नसकिने गरी भौगोलिक रुपमा दूर रहने अर्कोतर्फ शिक्षामा भैरहेको लगानीले प्रतिफल दिन नसकिरहेको तितो यथार्थ हामीसामु विद्यमान रहेको छ।यस सन्दर्भमा बसाईसराईको चुनौति, अर्कोतर्फ शिक्षा तथा रोजगारीको चुनौतिसंग सामना गर्न युवालाइ सकेसम्म गाउँपालिका क्षेत्रभित्रै वा देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ समुन्नत, गुणस्तरीय र आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस्तो अवस्थामा हामीले आन्तरिक आयको बढोत्तरी गर्ने, राजश्व क्षमता अभिवृद्धि गर्दै संघीय सरकार र प्रदेश सरकारसँगको निर्भरता कम गर्ने र राष्ट्रिय अर्थतन्त्रको विशिष्ट परिस्थितिमा पुनर्उत्थानशील क्रियाकलाप अगाडी बढाउदै समुन्नत हतुवागढीबासी बनाउने संकल्पलाई पुरा गर्न तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्न कार्यक्रमहरु तय गर्नुपर्नेछ।यसका लागि हाम्रो गाउँपालिकाले स्थानीय आर्थिक विकासका महत्वपूर्ण पक्षलाई सम्बोधन गर्ने कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ।

सेवा प्रवाहलाइ पारदर्शी, सरल, पहुँचयोग्य, प्रविधिमैत्री, निष्पक्ष र थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ ।यसका लागि दरबन्दीबमोजिमको पदपूर्ति, स्थायी संरचनाको निर्माण, कानूनी संरचनाहरुको व्यवस्था

गर्दै प्रविधिमैत्री बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा व्यापक र प्रभावकारी प्रयोग गर्नुपर्ने अवस्था देखिन्छ ।

मूलतः स्थानीय तहमा आफ्नै भौतिक संरचनाहरु नहुनु, तोकिएको दरबन्दी अनुरुप कर्मचारीको अभाव, स्थानीय तहका नियम कानूनहरु सरल र सहज नहुनु, वस्तुस्थिती प्रोफाइल अद्यवधिक नभएको र तथ्य तथ्यांक यथार्थपरक हुन नसकेको अवस्था हामी सामु विद्यमान छ ।यद्यपि गाउँपालिकाको आवधिक विकास योजना र संगठन तथा सर्वेक्षण प्रतिवेदन गत आ.व. निर्माण भई कार्यान्वयनमा रहेको वेहोरा अवगत गराउन चाहन्छु ।

**ख) गाउँपालिकाको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान भई सो को प्रयोग र अभ्यास हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकारमा प्रष्टता र सो को अभ्यास हुनु।
३. तराई तथा कोशी प्रदेशका मुख्य शहरहरुसंग जोड्ने सडक तथा पुल निर्माणधिन अवस्थामा रहुनु तथा उक्त स्थानसम्मको दुरी छोटो हुनु ।
४. गाउँपालिका भित्र भौगोलिक, सांस्कृतिक तथा ऐतिहासिक ठाउँहरुको अवस्थितिले पर्यटकीय संभावना उच्च रहनु।
५. सबै वडाका बस्तीहरुसम्म सडक पूर्वाधारको पहुँच हुनु।
६. अरुण तथा दुधकोशी नदी साथै कावा, पिखुवा, एखुवा र छिर्लिङ खोलाबाट प्राप्त गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा प्राप्ति र सिँचाई, उर्जा खानेपानी लगायतमा प्राकृतिक स्रोतको परिचालनको सम्भाव्यता हुनु ।
७. पहिलो आवधिक योजना तर्जुमा हुनु साथै भुउपयोग वर्गीकरण सम्पन्न हुनु ।
८. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा ठुला संरचना पुल, सडक, प्रशासकीय भवन, विद्यालय तथा अस्पताल लगायतका आयोजना संचालन हुनु।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१. बसाईसराई लाई न्युनिकरण गर्नु ।
२. शिक्षालाई विश्वसनीय र गुणस्तरीय बनाउँदै प्राविधिक सीपयुक्त जनशक्ति उत्पादन गर्नु ।
३. वर्षभरि आवतजावतमा अवरुद्ध नहुने गरी सडक संरचनाहरु निर्माण गर्नु ।
४. विद्युत तथा सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु।

५. बजार क्षेत्रमा खेलमैदान, सभागृह जस्ता सार्वजानिक संरचनाको लागि जग्गा प्राप्त गर्नु ।
६. कृषि उत्पादनमा युवालाई आकर्षण गरी व्यवसायिक कृषि प्रणालीलाई रोजगारी सिर्जना संगै बजारसँगको आवद्धता विकास गर्नु साथै जंगली बन्यजन्तुबाट बाली जोगाउनु ।
७. आकर्षक पर्यटकीय गन्तब्य बनाउन पूर्वाधार तथा आतिथ्य संस्कारको विकास गर्नु ।
८. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ उत्खनन र उपयोग (बालुवा, ढुंगा, गिट्टी) मापदण्ड लागु गरी व्यवस्थापन गर्दै आन्तरिक आयमा आवद्ध गर्नु ।
९. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
१०. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु तथा गुणस्तरीयता कायम गर्नु।
११. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित र एकिकृत बस्ति विकास गर्नु।
१२. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१३. गाउँपालिका भित्र रहेको पूँजीगत सम्पति को लगत तयार गरी नियमित मर्मत संभार तथा सेवा प्रवाहको प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु।

**)गःनीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक विकास, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था, संघ, प्रदेश र स्थानीय तह ऐन (समन्वय तथा अन्तरसम्बन्ध), २०७७ को व्यवस्था साथै पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१८२/ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

सोह्रौ योजना ,को मार्गचित्र २०३० दिगो विकास लक्ष्य ,गाउँपालिकाको आवधिक विकास योजना२०८०)/०८१-२०८५/०८६,(पर्यटन गुरूयोजना, सडक गुरुयोजना, शैक्षिक घोषणापत्र र शैक्षिक सुधार मार्गचित्र, चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम साथै गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान र गाउँपालिको पहिलो कार्यकालको सिकाइ र अनुभवलाई समेत ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु , सर्वसाधारण नागरिकहरुउद्यमी , ब्यवसायीहरुसामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको , निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित नेतृत्व र प्रशासनिक संयन्त्रको प्राविधिक तथा कानुनी विज्ञतालाई गाउँपालिकाको समुन्नतीमा आवद्ध गराउन आवश्यक छ। आम नागरिकहरुले साथ सहयोगसुझाव ,, खवरदारी र जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहितापारदर्श ,ीतागुणस्तरीयता एवं स्वच्छताय ,ुक्त जनसहभागीता सुनिश्चित गरिनेछ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ।साथै कर्मचारीको वृत्तिविकासमा ध्यान दिदै कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गर्दै सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले समतामूलक समाज र समुन्नत हतुवागढीको निर्माण गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। नागरिकको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि गाउँपालिकाका हरेक योजना तथा कार्यक्रमहरुमा जनसहभागिताको माध्यमबाट पारदर्शीता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**)घ (चालु आःको हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण.व.**

**भौतिक पूर्वाधार विकास (सडक ,खानेपानी, सिंचाइ):**

**सडक यातायात र पुल :**

यस गाउँपालिकामा हाल सम्म मुख्य सडकको रुपमा सदरमुकाम भोजपुरसँग जोड्ने घोडेटार-कावाखोला कि १८).मी.(, तराईसंग जोड्ने घोडेटार-चुहार/कोप्चे सडकमार्ग कि १९).मी.(, धनकुटासँग जोड्ने सुनबालुवा-घोडेटार- पुरानो तृतीया सडकमार्ग कि २७).मी.स्तरोन्नती तथा ( फराकिलो गरि बाह्रै महिना चल्ने गरी निर्माण गरिएकोछ साथै उक्त सडकहरुमा संघीय सरकार र प्रदेश सरकारको लगानीमा स्तरोन्नती एवम् कालोपत्रे गर्नका लागि तयारी भैरहेको छ। संघीय सरकारको लगानीमा अरुण नदीमा होम्ताङ-सुनबालुवा-पाख्रीबास मोटरेबल पुल, प्रदेश सरकारको लगानीमा दुधकोशीमा चुहार हसनपुर मैनामैनी मोटरेबल पुल निर्माणाधिन अवस्थामा रहेको छ।यसै गरी घोडेटार सुनबालुवा सडकखण्डको ५ कि.मी. सडक ग्राभेल भएको छ।गाउँपालिकाले प्रदेश सरकारसँगको साझेदारीमा बैकल्पिक मार्गको रुपमा सोया लुङथुङ ईन्द्रेणी झरना हुँदै मचुवा कोप्चेसम्मको सडक निर्माण कि २६).मी.कार्यको स्तरोन्नती ( सम्पन्न गरेको छ, चालु आर्थिक वर्षमा

चुहार-घोडेटार-कावाखोला सडकखण्डको दुई प्याकेजमा गरी करिब ४० कि.मी भित्र स्तरोन्नतीको कार्यसम्पन्न भएको छ ।९ वटै वडासम्मका सबै सडकहरु कि ६३).मी.बाह्रै महिना यातायात ( चल्नेगरी स्तरोन्नतीको कार्य भएको छ। गाउँपालिकाभित्रका साविकका सबै (वटा वडा ६३) टोलबस्तीमा सडकको पहुँच विस्तार भैसकेको अवस्था छ।गाउँपालिकाभित्र हालसम्म निर्माण भएका सडकहरुको कुल लम्बाई ३३०.५ कि.मी. रहेको छ भने गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ। यसै गरी घोडेटार बजारक्षेत्रका सडकबाटोहरुको ढलान कार्य करिब ५०० मी. सम्पन्न भएको छ । हतुवागढी वडा नं ५ र पौवादुङ्मा गाउँपालिका वडा नं ६ बिच झोलुङ्गे पुल निर्माणको प्रारम्भिक कार्य अगाडी बढेको छ ।

**खानेपानी तथा सरसफाईः**

गाउँपालिकाबाट खानेपानीतर्फ चालु आ.व.मा बिनियोजन गरिएको अधिकांश आयोजनाहरु संचालनमा आएका छन्। संघीय सरकारको विशेष अनुदानमा रोक्ताङ भेडेखेत खानेपानी आयोजना सम्पन्न भई संचालनमा आएको छ।फलामढुङ्गा खानेपानी आयोजना तथा घोडेटार बजार खानेपानी आयोजनाहरुको कार्यसम्पन्न हुने चरणमा पुगेको छ ।प्रदेश सरकारको लगानीमा दुईवटा लिफ्टिङ खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् । हालसम्म करिब ७० प्रतिशत जनतामा खानेपानीको पहुँचमा पुगेको छ, यद्यपि :सुख्खा बढ्दै जाँदा खानेपानी मुहान सुक्दै गएको कारण खानेपानी व्यवस्थापन गर्न कठिनाई उत्पन्न भएको छ।गाउँपालिकाले हतुवागढी-१ स्थित थामचौतारा सामुदायिक वनसँगको समझदारीमा १ वटा ल्यान्डफिल्ड साईट व्यवस्थापन गर्दै आएको छ ।घोडेटार बजारको फोहोरमैला व्यवस्थापनमा उद्योग वाणिज्य संघ शाखा घोडेटारले सहकार्य गर्दै आएको छ । ल्यान्डफिल्ड साईटको निर्माणका लागि डिपिआरको कार्य गरी संघ तथा प्रदेशसंग बजेट माग गरिएको छ ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा १४ वटा साना सिँचाई आयोजनामार्फत १३४०७ मिटर कुलो निर्माण भएर कूल १०१ हेक्टर मा सिंचाइ सुविधा प्राप्त हुने भएको छ भने करिब ३४० हेक्टर खेतीयोग्य जमिनमा परम्परागत कुलोको स्तरोन्नती तथा प्लाष्टिक पोखरीमार्फत सिंचाईको कार्य भैरहेको छ।जलवायु परिवर्तनको प्रभावका कारण पानीको स्रोतहरु सुक्दै जाने समस्या बढेकोले डिजाइन अनुसार पानी प्राप्त हुने मात्रा भने घटेको छ।

**भवन तथा आवासः**

गाउँपालिकाको ९ नं, ७ नं र ५ नं वडा कार्यालयको आफ्नै भवन निर्माण गरी संचालनमा आएको छ । वडा नं ६ को कार्यालय निर्माण कार्य सम्पन्न भएको छ भने औपचारिक उदघाटन हुन बाँकी

छ । यसै गरी २ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । गाउँपालिका प्रशासनिक भवनको निर्माणका लागि संघीय सरकारसँगको साझेदारीमा निर्माण कार्य भैरहेको छ भने उक्त कार्यको प्रगति करिब ३० प्रतिशत पुगेको छ । संघीय सरकारको लगानीमा प्रजातन्त्र माध्यमिक विद्यालयमा ४ कोठे भवन र प्रदेश सरकारको लगानीमा सगरमाथा माध्यमिक विद्यालयमा ४ कोठे भवन निर्माण भै संचालनमा आएको छ भने, सगरमाथा मा.वि. मा नै पुन: ४ कोठे भवन निर्माणको कार्य अगाडी बढेको छ। गाउँपालिकाले उद्योग वाणिज्य संघ शाखा घोडेटारको भवन निर्माणलाई करिब २९ लाख रुपैयाँ लगानी गरिसकेको छ । यसैगरी ९ वटै वडाका विभिन्न विद्यालयहरुमा शौचालय निर्माण कार्य, गेट निर्माण कार्य, रंगरोकन तथा मर्मत संभार सम्पन्न भएका छन् भने विभिन्न ठाउँहरुमा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ।संघीय सरकारको लगानीमा १५ सैय्याको आधारभुत अस्पताल निर्माण कार्य भैरहेको छ यद्यपि यसको निर्माण कार्य समयमै सम्पन्न गराउन संघीय सरकारबाट बजेट सुनिश्चित तथा निकासा नगर्दा चुनौतीपूर्ण देखिएको छ।

**<u>सांस्कृतिक तथा पर्यटन पूर्वाधारः</u>**

गाउँपालिका क्षेत्रका विभिन्न जातजाती सम्बन्धित महत्वपूर्ण धार्मिक स्थलहरुको निर्माण कार्य भएको छ। जसअन्तर्गत महादेव गुफा संरक्षण, सिलासुत्केरी संरक्षण, धाराखोला देवीथान संरक्षण, साकेन्वा थान निर्माण तथा संरक्षण , वालाहाङ सुनाहाङ संरक्षण, साकेन्वा संरक्षण कार्य, जाल्पादेवी मन्दिर संरक्षण, सिमसरा देवी संरक्षण, काँशिराम अवतारी मन्दिर संरक्षण, भगत अवतारी मन्दिर संरक्षण, सिन्द्राङ तोसिखोम सुरिनोम हेलिप्याड पर्खाल लगायतका विभिन्न साँस्कृतिक सम्पदाको संरक्षण कार्य सम्पन्न भएको छ।दिमालुङ पार्क संरचना निर्माणको कार्य भएको । वडा नं १, ४, ५, ८ नं का विभिन्न ठाउँमा सिडी तथा पैदलमार्ग निर्माण भएको छ। घोडेटार-जोरआहाल-दिमालुङ पैदलमार्गको विस्तार गर्ने कार्य भैरहेको छ जसमा सिडी, प्रतिक्षालय, शौचालय तथा फोहोर संकलन संरचनाको निर्माण कार्य भैरहेको अवस्था छ भने संघीय सरकारसँगको साझेदारीमा थप १ करोड ५० लाख लगानीको कार्यसम्पन्न हुने चरणमा पुगेको छ भने घोडेटार बजारबाट पुर्णेबजार दिमालुङ पार्क सम्म पैदलमार्ग विस्तार भैसकेको छ । हतुवागढी दरबारको संरक्षणका लागि नेपाल सरकारसंग कार्यक्रम तथा बजेट माग गरिएको छ ।वडा नं.-१, कावाखोला नजिकै अवस्थित महादेवथानको संरक्षणका लागि बाटो स्तरोन्नती र महादेबथानमा सिढि तथा रेलिङ निर्माण लगायतका कार्यहरु भैरहेको छन भने उक्त महादेवथानको डिपिआर तयार हुने क्रममा रहेको छ ।साकेन्वा तथा सिली मेला संचालन भएको छ भने हतुवागढी वृहत महोत्सबको तयारी सम्बन्धी कार्य अगाडी बढेको छ ।

**सामाजिक विकास (शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

**<u>स्वास्थ्यः</u>**

गाउँपालिकामा हालसम्म चिकित्सक दरबन्दीसहित, ल्याब तथा एक्स रे सेवा, टेलिमेडिसिन सेवा समेत प्रदान गर्ने एउटा प्राथमिक स्वास्थ्य केन्द्र, पाँच वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य इकाई, १ आँखा उपचार केन्द्र, १ वटा नागरिक आरोग्य केन्द्र संचालनमा रहेको जसमा ३२ जना स्वास्थ्यकर्मी र १२ जना सहयोगी कर्मचारी कार्यरत रहेका छन्।१५ सैय्याको आधारभूत स्वास्थ्य केन्द्रको निर्माण कार्य भैरहेको छ ।गाउँपालिकाले अपाङ्गता रोकथाम तथा तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत फिजियोथेरापी सेवा, स्वास्थ्य शिविर संचालन, औषधि उपचार सहायता लगायतका स्वास्थ्य सुविधा उपलब्ध गराउँदै आएको छ ।यसैगरी चालु आ.व. मा गाउँपालिका पुर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा कार्य सम्पन्न भएको छ। नेपाल सरकारले तोकेबमोजिमको निशुल्क उपलब्ध गराईने औषधि नियमित रुपमा उपलब्ध गराएको छ।यसैगरी ६५ वर्षमाथिका जेष्ठ नागरिक र सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध : गराईएको छभने प्रत्येक सुत्केरी महिलालाई पोषण भत्तास्वरुप रु तीन हजार उपलब्ध गराईएको छ ।

**<u>शिक्षाः</u>**

गाउँपालिकाभित्र हालसम्म ३६ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेका छन्। विद्यार्थी संख्या झन्डै ३५०० रहेकोमा कतिपय विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्युन रहेको छ । विद्यालयको समग्र शैक्षिक अवस्था सुधार गर्न गाउँपालिकाले शैक्षिक घोषणापत्र २०७६ जारी गरी सुधारको सुरुवात गरेकोमा गत आमा विभिन्न चरणमा सरोकारवालाहरुसँग वृहत छलफल तथा .व. जारी गरी कार्यान्वयनमा २०७९ अन्तक्रिया गर्दै शैक्षिक गुणस्तर सुधार मार्गचित्रल्याईएको छ।उक्त मार्ग चित्रका आधारमा कक्षा ८ को परीक्षालाई मर्यादित र परिस्कृत गरिएको छ।विद्यार्थी संख्याका आधारमा विद्यालय मर्ज गर्दै लैजाने रणनीति लिईएको छ भने शिक्षकको क्षमता अभिवृद्धि गर्न गाउँपालिकाले यसै आ.व. मा करिब ४ वटा शैक्षिक तालिमहरु र ३ वटा गोष्ठी तथा अन्तरक्रिया सम्पन्न गरेको छ।विद्यालयको विभिन्न शैक्षिक तथा भौतिक सुधारका लागि शिक्षक व्यवस्थापन देखि भौतिक संरचनाहरुको निर्माण कार्यमा अनुदान प्रदान गरेको छ।सबै विद्यालयहरुलाई सूचना प्रविधिमैत्री विद्यालय बनाउने कार्यमा ईन्टरनेट सुविधा पुर्याईएको छ भने विद्यालयलाई ल्यापटप तथा प्रिन्टर उपलब्ध गराईएको छ ।विद्यार्थीहरुको सिकाईमा अवरोध नहुन महिला शिक्षक सुत्केरी विदामा वस्दा स्वयंसेवक शिक्षक व्यवस्थापन गरिएको छ ।पढ्दै कमाउँदै कार्यक्रममा सगरमाथा मावि वाली विज्ञान धारसंग सहकार्य गर्दै अगाडी बढाईएको छ। विद्यालयका प्रअहरुलाई थप प्रोत्साहन भत्ता, नियमित प्रधानाध्यापक वैठक संचालन को व्यवस्था गरिएको छ । नियमित रुपमा शिक्षक पदपूर्ति लगायतमा ध्यान दिईएको छ भने शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न खालका सहायताहरुको समेत व्यवस्था गरिएको छ ।

**<u>युवा, खेलकुद, कला साहित्यः</u>**

खेलकुद कार्यक्रम अन्तर्गत गाउँपालिकाले पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड, अन्तर आवि स्तरीय रनिङ शिल्ड, प्रत्येक वडामा भलिवल तथा फुटबल खेलकुद प्रतियोगिता साथै पालिका स्तरमा, अन्तर वडास्तरीय महिला तथा पुरुष भलिबल खेलकुद, खुला वडास्तरीय फुटबल लगायतका प्रतियोगिताहरु सम्पन्न भएका छन् ।तेक्वान्दो प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।यसैगरी युवालक्षित कार्यक्रम अन्तर्गत कृषि, पशुपंक्षी लगायतका कार्यक्रममा विभिन्न अनुदानहरु प्रदान गरिएको छ । करिब ६० जना युवाहरुलाई विभिन्न प्रकारका तालिमहरु प्रदान गरिएको छ।गाउँपालिकाले कला साहित्य तथा संस्कृति अन्तर्गत विविध प्रकारका कार्यक्रमहरु संचालन गरेको छ भने खेलकुदको लागि कभर्ड हल निर्माण कार्य सम्पन्न भएको छ ।

**<u>जेष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्गता सम्बन्धिः</u>**

वडा कार्यालहरुले जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरेका छन।विभिन्न विद्यालय तथा वडाहरुमा बालक्लब गठन तथा बालबालिका लक्षित प्रतियोगिताहरु सम्पन्न भएका छन्। महिलाहरुलाई लक्षित गरी ढाका बुनाई तालिम को स्तरोन्नती, चुरापोते बनाउने तालिम, हातेब्याग सिलाई सम्बन्धी तालिम, होजियारी तालिम लगायतका प्रशिक्षणका कार्यक्रमहरु सम्पन्न भएका छन्।८० वर्षमाथिका जेष्ठ नागरिक तथा सुत्केरी महिलालाई एम्बुलेन्स सेवा निशुल्क गरिएको छ : भने अन्य लक्षित वर्गलाई छुट सुविधा प्रदान गरिएको छ। प्रदेश सरकार करुणा फाउन्डेसन नेपाल र गाउँपालिकाको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालनमा रहेको छ ।अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरण तथा उपचार सहयोग कार्यक्रम गरिएको छ।पर्डेप नेपाल धनकुटा सँगको सहकार्यमा गरिब तथा सीमान्तकृत समुदायसंग न्यायमा पहुँच कार्यक्रममार्फत न्यायिक सचेतना अभिवृद्धिको कार्यहरु अगाडी बढेका छन् ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धीः**

**<u>कृषि तथा पशुपंक्षी</u>**

हाल सम्म गाउँपालिकामा सुन्तलाजातको पकेट क्षेत्र कार्यक्रम संचालनमा रहेको छ ।वडा नं १, ५, ६ र ७ का ५५ वटा घरमा फोहर पानीलाई संकलन गरी करेसाबारी निर्माण अभियान र तरकारी खेती प्रवर्धन भएको छ । कृषि, पशुपंक्षी तथा मत्यस्य तथ्यांक अद्यवधिक गर्ने कार्य सम्पन्न भएको छ। गाउँपालिकाले नर्सरी विकास कार्यक्रम, फलफूल विकास कार्यक्रम संगै २० वटा प्लाष्टिक पोखरी निर्माण, ८५ वटा प्लाष्टिक घर, कृषक समूहलाई ९ वटा मिनिट्रिलर वितरण लगायतका कार्यक्रमहरु चालु आ.व. मा संचालन गरेको छ। टिम्बुर विरुवा वितरण, आँप लिच्ची, कागती विरुवा वितरण कार्यक्रम संचालन भएको छ । किसानलाई समयमै माग बमोजिमको ३५ मेट्रिक टन रासायनिक मल उपलब्ध गराईएको छ।किसानलाई विभिन्न प्रकारका विउ तथा विषादी वितरण कार्यक्रमले निरन्तरता पाएको छ ।कफी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत कफी खेती विस्तार कफि खेतीको नर्सरी स्थापना भएको छ । कृषि औजार मर्मत तालिम तथा आधुनिक मौरीपालन सम्बन्धी

तालिम संचालन भएको छ ।युवा लक्षित कार्यक्रम अन्तर्गत ४ जना युवा कृषकहरुलाई उद्यमी बन्नका लागि अनुदान प्रदान गरिएको छ।

आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत मकैमा लाग्ने फौजी किराको प्रकोप नियन्त्रण र अदुवाको गानो कुहिने रोगलाई नियन्त्रण गरेको छ।

८ नं वडाको तल्लो क्षेत्रमा बाख्रा पकेट कार्यक्रमले निरन्तरता पाएको छ। यसैगरी दुग्धजन्य उत्पादनमा युवा लक्षित कार्यक्रम अन्तर्गत ७ जना किसानलाई अनुदान प्रदान गरिएको छ ।कृतिम गर्भाधान संचालनमा रहेको छ उक्त कार्यक्रमबाट गाईभैंसीमा नश्लसुधार (ए आई मिसन कार्यक्रम) वटा ५ भैरहेको छ । यसैगरी वंगुर गोठ सुधार कार्यक्रम, भकारो सुधार कार्यक्रम लगायतका कार्यक्रम संचालन गरिएको छ ।विभिन्न प्रकारका भ्याक्सिन तथा औषधि वितरण गरिएको छ।प्रत्येक वडाहरुमा घरपालुवा कुकुरहरुलाई रेबिजविरुद्धको निशुल्क खोप शिविर संचालन गरिएको छ। गाउँपालिकाभित्र दुग्ध व्यवसाय लाई प्रवर्दन गर्न किसानहरुलाई आधुनिक मदानी, मिल्क क्यान लगायतका सामाग्री अनुदानमा वितरण गरिएको छ ।बाख्रामा नश्ल सुधारका लागि उन्नत जातका ५ वटा विउ बोका अनुदानमा वितरण गरिएको छ। पशुपंक्षी सेवालाई प्रभावकारी बनाउन वडा नं २, वडा नं ६ र वडा नं ८ मा पशुपंक्षी उपचार सेवा केन्द्र विस्तार गरिएको छ ।

**<u>सहकारी, उद्योग, पर्यटन र रोजगारी</u>**

।सहकारीको नियमन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक कदमहरु चालिएका छन् ।पर्यटनको क्षेत्रमा विभिन्न भौतिक पूर्वाधार तथा पार्कहरु निर्माण भएका छन् । विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलको संरक्षण संवर्धन तथा त्यसको प्रचारप्रसारका लागि आवश्यक कदमहरु संचालित छन् ।व्यवसाय प्रवर्धनका लागि व्यवसाय दर्ता तथा नविकरणको कार्यहरु नियमित रुपमा संचालनमा रहेको छन् । बेरोजगार लगत संकलन कार्य नियमित हुँदै आएको छ।यस पटक सबै वडामा गाउँपालिकाले समेत साझेदारी गरी २०० जनालाई १०० दिनको रोजगारी प्रदान गरिएको छ ।

**<u>वनवा ,तावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः</u>**

वनजलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने ,जैविक विविधता ,वन्यजन्तु ,वनस्पति , हरित उद्यम र पर्यापर्यट ,जडिवुटी ,दाउरा ,काठनको विस्तार गरिएको छ । गाउँपालिकाले प्रत्येक वडामा एक वडा एक पोखरी कार्यक्रम संचालन गरेको छ । गाउँपालिकाले वन ऐन २०७८ जारी गरी कार्यान्वयनमा ल्याएको छ । वन क्षेत्रको संरक्षण तथा संवर्धन संगै वन तथा वातारण सम्बन्धि योजना कार्यक्रमहरुमा गाउँपालिकाको कम ध्यान पुगेता पनि आगामी दिनमा यसलाई बढावा दिँदै लगिने छ । विपद्को सामना गर्न बारुणयन्त्र, एम्बुलेन्स लगायतको व्यवस्था गरेको छ ।सम्बन्धित निकायहरुसँगको समन्वयमा विपद प्रतिकार्यको कार्य अगाडी बढाएको छ भने विपद् जोखिम क्षेत्रको नक्सांकन गर्ने कार्य भु उपयोग वर्गीकरणसँगै अगाडी बढेको छ ।दिगो फोहर ब्यवस्थापनका लागि ल्यान्डफिल्ड साईटको अध्ययन कार्य अगाडी बढेको छ । यसै गरी विपद् मा परेका व्यक्तिहरुलाई गाउँपालिकाले नियमानुसार राहत रकम तथा जिन्सी उपलब्ध गराएको छ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचनासार्वजानिक निजी , साझेदारी एवं समन्वय) भएका उपलब्धीः**

पन्ध्रौं अधिवेशनसम्म आइपुग्दा हामीले २६ ओटा ऐन जारी गर्न सफल भएका छौं। उक्त ऐनहरुको आधारमा कार्यपालिकाबाट ५ ओटा नियमावली ,३९ ओटा कार्यविधि र २ वटा निर्देशिका १ वटा मापदण्ड, १ वटा घोषणापत्र, सडक गुरुयोजना, पर्यटन गुरुयोजना, शैक्षिक सुधार मार्गचित्र जस्ता दिर्घकालिन महत्वका दस्तावेजहरु तयार भएका छन्। वार्षिक नीति तथा कार्यक्रम ७ वटा जारी भइसकेका छन्। गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचनाजनशक्ति र कार्यविवरण तयार गरी कार् ,यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गत आ को .व.स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७२.५ अंक तथा वित्तीय जोखिम सूचकाङ्कमा ६५ अंक प्राप्त गरेको छ। राजश्व सुधारका लागि गाउँपालिकाले राजश्व सफ्टवेयर संचालनमा ल्याएको छ जसको कार्यान्वयनबाट आन्तरित राजश्व संकलन बढोत्तरी भएकोछ ।राजश्व सुदृढीकरण र राजश्वका नयाँ स्रोतहरुको खोजी गरी कार्यान्वयनमा लैजान राजश्व तथा सम्पत्तिकर सम्बन्धि क्षमता विकास प्रशिक्षण कार्यक्रम संचालन भएको थियो भने सेवा प्रवाह र योजना व्यवस्थापनलाई प्रभावकारी बनाउन गत आर्थिक बर्षबाट वडासम्म पुगेर योजना सम्झौता गरि सेवा प्रवाहलाई छरितो गर्ने कार्यले निरन्तरता पाएको छ। वडा कार्यालयहरुलाई सेवाग्राहीमैत्री तथा प्रविधिमैत्री बनाइएको छ । गाउँपालिका प्रशासनिक भवनको निर्माण अगाडि बढेको छ ।कर्मचारीहरुलाई कार्यविवरण र स्पष्ट जिम्मेवारी प्रदान गरिएको छ भने गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विच साथै प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुविच कार्यसम्पादन सम्झौता गर्ने परिपाटीको विकास गरिएको छ ।

**आगामी आको प्रमुख नीति.व. तथा कार्यक्रमहरू**

गाउँपालिकाको सम्पूर्ण विकास योजनाहरु गाउँपालिकाबासी सबैको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गर्दै नेपालको संविधान, राष्ट्रिय प्राथमिकता, संयुक्त राष्ट्र संघद्धारा जारी दिगो विकासका लक्ष्यहरु र सोको अवधारणा, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई मार्गदर्शनको रुपमा लिईएको छ। स्थानीय स्रोत र साधनको अधिक्तम उपयोग गर्दै स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाहरु, रोजगारी र गरिबी न्यूनिकरण, विद्युतिकरण, वातावरण संरक्षण र विपद व्यवस्थापन, सुशासन, समावेशीकरणलाई सहयोग पुग्ने योजना कार्यक्रमलाई प्राथमिकता दिएको छ। कम लागत छिटो प्रतिफल दिने

जनसहभागीता जुट्ने सबैको सहकार्य र समन्वयमा गाउँपालिकाको विकास योजना तर्जूमा गरिएको छ ।

यो पटकको नीति तथा कार्यक्रममा शिक्षा, कृषि, रोजगार, पर्यटन पूर्वाधार हाम्रो प्राथमिकता हुन् ।

**सम्पूर्ण गाउँपालिका सदस्यहरुः**
**अब म आगामी आर्थिक वर्ष २०८१।०८२ को प्राथमिकता र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु ।**
**प्राथमिकता :**

१ .गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा,

२ .पूर्वाधार विकासका कार्यक्रमहरु सडक), पुल, खानेपानी, सिँचाई, भवन (

३ .दिगो विकासका १७ वटा लक्ष्यहरु )SDGsका कार्यक्रमहरु (,

४ .आधुनिक कृषि व्यवसायिकरण, यान्त्रीकरण र पशु विकास एंव बजार व्यवस्थापन,

५.पर्यटन पूर्वाधार विकास र प्राकृतिक पुरातात्विक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन,
६. समतामूलक समाज निर्माणका कार्यक्रमहरु समावेशी विकास), जातीय-लैगिंक विभेद, जेष्ठ नागरिक,एकल महिला अपाङ्गता, अशक्त लक्षित बालमैत्री(,
७ .युवाको क्षमता विकास, खेलकुद विकास र रोजगारी,

८ .प्राकृतिक स्रोत तथा भूं-संरक्षण, वातावरण र जलवायु परिवर्तन,

९ .सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता पारदर्शिता, सुशासन र डिजिटलाइज प्रविधिको प्रयोग,

१० .भू-उपयोग नीति निर्माण र बस्ती विकास,

११ .संस्थागत तथा क्षमता विकास,

१२.जनसहभागिता जुट्ने र आर्थिक प्रतिफल प्राप्त हुने योजनालाई नीतिगत रुपमा प्राथमिकता,

१३.विकास योजनाहरु आवश्यकता र प्रतिफलमा आधारीत भएर भावि पुस्ता सम्मका लागि भन्ने अवधारणाबाट अगाडी बढाइनेछ ।

**सभाका सम्पूर्ण सदस्यहरु,**

अब म आ८२/२०८१ .व . को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. स्थानीय पाठ्यक्रमबमोजिम पाठ्यपुस्तक र निर्देशिका निर्माण गरी सबै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा ऐन लागु सँगै शिक्षा नियमावली, शिक्षा नीति, शैक्षिक गुणस्तर सुधार मार्गचित्र लगायतका कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

४. नमूना विद्यालय विकास कार्यक्रम संगै विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गरिनेछ ।

५. शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि क्षमता विकास तालिम गरिनेछ।

६. सामुदायिक विद्यालयहरुमा अङ्ग्रेजी, विज्ञान र गणित लगायतका विषयमा स्वयंसेवक शिक्षक व्यवस्थापन गरिनेछ।प्रधानाध्यपकलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन दिई विद्यालयको विद्यालय सुशासन तथा शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

७. विषयगत शिक्षक तथा ईच्छुक स्वयंसेवक शिक्षक हरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको ज्ञान र अनुभवलाई उपयोग गरिनेछ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१०. अभिभावक शिक्षालाई प्रत्येक वडामा विस्तार गरिनेछ।

११. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२. विद्यालयले प्रत्येक सप्तान्तमा अतिरिक्त शैक्षिक क्रियाकलाप गर्नुपर्ने नीति लिईनेछ ।

१३. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक भुक्तानी प्रकृयालाई छरितो बनाईनेछ।

१४. विद्यालयको गुणस्तरीयता तथा व्यवस्थापनमा अनुगमन तथा नियमन गरिनेछ।

१५. शैक्षिक प्रणालीमा रूपान्तरण ल्याउन पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोगको नीति अवलम्बन गरिनेछ।

**ख. संस्कृति, इतिहास सम्बन्धी नीति तथा कार्यक्रमः**

१. हतुवागढी क्षेत्रका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलको संरक्षण संवर्धन गरिनेछ ।

२. पुरातत्व विभागसँग समन्वय गरी हतुवागढी दरबारलाई संग्रहालयको रुपमा विकास गर्ने नीति लिईनेछ ।

३. पूर्वाधार निर्माण गर्दा बहुसाँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संकेतहरु निर्माण गरिनेछ।

४. साँस्कृतिक भेषभुषा तथा कलालाई पुस्तान्तरणका लागि कार्यक्रम बनाईनेछ ।

५. मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

६. गाउँपालिका भित्र आयोजना हुने कार्यक्रम तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

७. पर्यटन तथा संस्कृतिलाई एकअर्कामा अन्तरआवद्धता गराउने नीति लिईनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि पालिकास्तरी खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. खेलाडी सम्मान तथा प्रोत्साहनलाई निरन्तरता दिईनेछ ।

३. खेलकुद कार्यक्रम संचालन कार्यविधि निर्माण गरी खेलकुद संचालनलाई व्यवस्थित गरिनेछ साथै खेलकुद विकास समितीलाई सकृय बनाई नियमित खेलकुदको वातावरण सिर्जना गरिनेछ।

४. दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सीपलाई सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका कार्यक्रमसँग आवद्ध गरिनेछ।

६. युवा उद्यमशीलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

७. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटीपार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरिबी न्यूनीकरण र जीविकोपार्जनमा सहजीकरण गरिनेछ।

## घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमः

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई परिचालनका लागि पुर्नगठन तथा क्षमता अभिवृद्धि गरिनेछ।

५. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

११. बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु तय गरिनेछ।

## ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः

१. चिकित्सकीय र प्रयोगशाला सेवा सञ्चालन गर्न प्राथमिक स्वास्थ्य केन्द्र घोडेटारको स्तरोन्नती तथा सेवा विस्तार गरिनेछ।स्वास्थ्य केन्द्रहरुबाट स्वास्थ्य सेवा अन्तर्गत रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।
२. दरबन्दीबमोजिमको स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ ।
३. मातृ तथा शिशु पोषण सुधारका लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ साथै पोषणमैत्री पालिका घोषणालाई अगाडी बढाईनेछ ।
४. स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गर्दै सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ साथै बिमाको पहुँच विस्तार गरिनेछ ।
५. विशेषज्ञसहितको वृहत स्वास्थ्य परीक्षण तथा उपचार शिविर आयोजना गरिनेछ ।
६. नागरिक आरोग्य केन्द्र तथा आँखा उपचार केन्द्रको व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ साथै परम्परागत चिकित्सा पद्दतीलाई समेत प्रवर्द्धन गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको वर्षमा एकपटक स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
८. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गरिनेछ ।
९. स्वास्थ्य उपचारमा अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई व्यवस्थापन गरिनेछ।
१०. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
११. परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।
१२. महिला स्वयंसेविकाहरुलाई अवकाश प्रोत्साहन तथा मासिक यातायात प्रोत्साहन उपलब्ध गराउँदै दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
१३. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
१४. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
१५. मानसिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिदैं पलिका स्तरमा उपचार, परामर्श साथै फलोअपको व्यवस्था मिलाइनेछ।
१६. नवशिशु स्वास्थ्य हेरचाहको लागी स्वास्थ्यकर्मी सहितको टिम गृहभेटमा जाने व्यवस्था मिलाइनेछ।
१७. नसर्ने रोगबाट हुने गरेको रुग्णता र मृत्युदर लाई कम गर्न स्क्रिनिङ्ग कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

हलेसी तुवाचुङ राजपत्र

**सभाका सम्पूर्ण सदस्य ज्युहरु,**

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्यश्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिने छन ।

२.२ आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यवसायिक परिचालनका लागि सहकारी, समुदाय तथा व्यवसायीहरुसँग सहकार्य गर्न गाउँपालिकाले विशेष पहल गर्नेछ ।

२.३ नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ। यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिने छन ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमः

१. औधोगिक तथा व्यवसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यवसायिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

४. साना तथा घरेलु उद्योग प्रवर्धन गर्न सीप विकास तथा प्राविधिक सहायताको नीति अवलम्बन गरिनेछ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना बमोजिम पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।

७. पर्यटकीय सडक संजाल तथा पर्यटकीय चिन्ह, संकेत, होडिङ बोर्ड लगायतको व्यवस्था र प्रचार प्रसार गरिनेछ ।

८. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

९. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन **होमस्टे विकास कार्यक्रम** संचालन गर्ने र पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

१०. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशरहरुको वितरण गरिनेछ।

११. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रमः**

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी क्रमश: आत्मनिर्भरता हासिल गरिनेछ । तीनै तहका सरकारबीच समन्वयमा सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारीकरण गरिनेछ ।
- गुणस्तरीय बीउ विजन, बेर्नामा यस गाउँपालिकालाई आत्मनिर्भर बनाइने छ ।
- रैथाने बाली, बिउ बिजन, नश्ल र कृषि तथा पशुपन्छी जन्य जैविक विविधता संरक्षणमा समुदायलाई प्रोत्साहन गरिनेछ ।रैथाने बालीको संरक्षण र प्रवर्दन गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- कृषकहरुको माग बमोजिम हाईब्रिड तथा उन्नत जातको बीउ उपलब्ध गराइनेछ । प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहित गरिनेछ ।
- कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै यान्त्रिकरण तथा व्यवसायीकरण गरिनेछ।
- तरकारी उत्पादनको लागि व्यावसायिक, करेसाबारी, बगरखेती, करार खेती र चाक्लाबन्दीका लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।
- कृषक र लधु उद्यमीहरुले व्यवसायीक कृषि तथा घरेलु उद्योग कार्यका लागि लिएको कर्जालाई सहयोग पुग्ने गरी अनुदानका कार्यक्रमहरु उपलब्ध गराइनेछ ।
- संघीय र प्रदेशको सहकार्यमा पालिकामा एक शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ ।
- उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्दन गर्न युवा लक्षीत सहकारी तथा सामुदायीक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन वृद्धि गर्न भूमिको चक्लावन्दीलाई प्रोत्साहित गरिनेछ ।

- अर्गानीक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।अलैची, अदुवा, वेसार लगायत कृषि वस्तुको निर्यात प्रवर्दनका कार्यक्रम सन्चालन गरिनेछ ।
- भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिँचाई प्रविधि मार्फत वर्षैंभरी सिँचाई सुविधा उपलब्ध गराईनेछ । सिँचाईका कुलोहरुलाई क्रमागत सम्पन्न गर्दै लगिनेछ । मूल कुलो तथा शाखा कुलोहरुलाई क्रमश सम्पन्न गरिन्छ ।
- साना सिँचाई कार्यक्रमसँग समन्वय गरी यस अन्तर्गत गठित जल उपभोक्ता समूह समूहहरुलाई थप सहयोग गरिनेछ ।
- व्यवसायीक कृषि घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ ।
- खेतियोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न स्थानीय निकायको संलग्नतामा उपयुक्त संस्थागत संरचना तथा व्यवस्था लागू गर्दै गाउँपालिका क्षेत्रको कृषि भूमिको संरक्षण तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ ।
- पहिचान गरिएका गरिब घरधुरीहरुलाई लक्षित गरेर जिविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- उद्यमी उत्पादन र प्रोत्साहन गर्दै गा.पा. भित्र कुशल उद्यमीको विकास गरिनेछ ।
- कृषि, वन, पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- खाद्य वस्तुको उत्पादन बढाउने तथा लागत घटाउने कार्यक्रमहरु ल्याइनेछ ।
- कृषिमा युवाहरुलाई आकर्षित गर्न युवा उद्यमीहरुलाई स्थानीय संभावना तथा तुलनात्मक लाभ समेतलाई दृष्टिगत गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सहकारीमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिइनेछ ।
- विपन्न वर्ग, दलित तथा महिला वर्गवाट कृषि उत्पादन गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ तथा सो वर्गबाट कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष प्राथमिकता दिइनेछ ।
- कृषि तथा पशुपन्छी विमालाई प्रवर्द्धन गर्न विशेष प्राथमिकता दिइनेछ ।
- सरकारी अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुले अनुदानको रकम अपचलन गरेमा अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नुका साथै कालो सूचीमा राखिनेछ।त्यस्तो कृषक समूह,सहकारी वा व्यक्तिलाई कुनै पनि प्रकारको सरकारी अनुदान सुविधा प्रदान वा सिफारीस गरिने छैन ।यसका लागि नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्न अनुगमन संयन्त्र गठन गरिनेछ ।

- बैदेशिक रोजगारबाट फर्कि पालिकामै कृषि तथा पशुजन्य व्यवसाय गर्ने व्यक्ति, समूह, सहकारी तथा फर्महरुलाई साझेदारीमा मागमा आधारित अनुदानका कार्यक्रमहरु प्रदान गरिनेछ ।
- संघीय र प्रदेश सरकारले कायम गरेका लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न समन्वय र सहकार्यको आधारमा कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।
- जलवायु परिवर्तनका असरलाई न्यूनीकरण एवं अनुकूलनका उपायहरु अवलम्बनलाई प्राथमिकताका साथ अगाडि बढाउन जलवायु मैत्री कृषि प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिकाको कृषि विकासको लागि तयार भएको रणनीति, आवधिक योजनालाई समेटने गरी कार्यक्रम सञ्चालनका लागि योजना तयार गरिनेछ ।
- पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरी कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ। खाद्यान्न वाली ,अदुवा वेसार , सुन्तला, आँप,, लिचि, एभोकार्डो, कागती, टमाटर मौसमी तथा वेमौसमी आलु उत्पादनको विशेष क्षेत्र तोकि कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक पशुपालन,मौरीपालन ,मासु उत्पादन, दुग्ध उत्पादन तथा पोल्ट्री जन्य वस्तुको उत्पादनलाई प्रोत्साहन गरी आत्मनिर्भरता तर्फ उन्मूख गराइनेछ।
- कृत्रिम गर्भाधान तथा प्राकृतिक नश्ल सुधार लगाएतका कार्यक्रमहरुलाई नियमित गरिनेछ।
- बाँझो जग्गालाई हरियाली बनाउने कार्यक्रम तय गरिनेछ ।
- कृषि उपजको बजारीकरणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग सहकार्य गरी उत्पादनोपरान्तका क्रियाकलापहरु सहज तुल्याउन सरकारी क्षेत्रको निजी साझेदारीमा पोष्ट हार्भेष्टसेन्टर, क्रेट, प्रशोधन केन्द्र आदि पूर्वाधारहरुको विकास र विस्तार गरिनेछ ।
- पशु स्वास्थ्यमा सुधार गर्न पशु चिकित्सा कार्यक्रम, पशु खोप कार्यक्रमलाई संस्थागत गर्दै लगिनेछ ।
- दुध तथा दुग्ध जन्य पदार्थको बिक्री वितरणलाई सुव्यवस्थित गर्न सहकारी तथा निजी क्षेत्रलाई डेरी फार्म संचालन तथा क्षमता अभिवृद्धिका लागि प्रशोधन उपकरण, दुग्ध विश्लेषण यन्त्र तथा चिलिङ्ग भ्याटमा अनुदान उपलब्ध गराइनुका साथै दुग्ध उत्पादन गरी बिक्री गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर दुग्धमा अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपन्छी पालनको व्यवसायीकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ ।

- गाँउपालिका भित्रका दुई जना कृषकलाई उत्कृष्ट कृषकको रुपमा पुरस्कारको व्यवस्था गरिनेछ ।
- स्थानीय घरेलु उद्योगको मागमा आधारित कच्चा पदार्थको उत्पादन गरी लघु उद्यमका लागि प्रोत्साहन गरिनेछ।
- गाउँपालिका भरि देखा परेका लम्पी स्कीन रोग , मकैमा अमेरिकन फौजि किराको प्रकोप, अदुवामा गानो कुहिने रोगको नियन्त्रणका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- बाँझो जग्गा तथा प्रयोगविहीन खाली जग्गा पहिचान गरी सामूहिक खेती प्रवर्धन गरिनेछ।
- प्राङ्गरिक खेतीलाई प्रोत्साहन गर्दै रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।
- कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै यान्त्रिकरण तथा व्यवसायीकरण गरिनेछ।
- गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गीकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
- तरकारी उत्पादनको लागि व्यावसायिक, करेसाबारी, बगरखेती, करार खेती र चाक्लाबन्दीका लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाभित्र उन्नत जातका पशुपंक्षी भित्र्याउने कार्यक्रम ल्याईनेछ।
- मासुजन्य पशुपंक्षीको उत्पादन तथा बंगुर गोठ, भकारो सुधार लगायतका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशुपंक्षीमा लाग्ने महामारीजन्य रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ साथै रेबिज भ्याक्सिन कार्यक्रमलाई निरन्तरता दिईनेछ
- मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
- दुग्धजन्य पशुपंक्षीको उत्पादनलाई बजार संग आवद्ध गर्न डेरी विकास कार्यक्रम संचालन गरिनेछ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बिउपुँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

### घ. रोजगार सम्बन्धी नीतिहरु

१. आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।
२. गाउँपालिका क्षेत्रमा रहेका बेरोजगारहरुको तथ्याङ्क व्यापक रुपमा संकलन गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिनेछ र संघ सरकार सँगको सहकार्यमा सार्वजनिक पूर्वाधार निर्माण, व्यवस्थापनमा रोजगारी प्रदान गरी बैंक खाता मार्फत सोझै भूक्तानी गरिनेछ ।
३. गरीब तथा विपन्न नागरिक पहिचान गरी सामुदायिक पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापनमा प्राथमिकतासाथ रोजगारी प्रदान गरिनेछ ।
४. स्थानीय जनताको क्षमता अभिवृद्धि गरी दिगो रुपमा स्वरोजगार हुन प्रेरित गरिनेछ ।
५. गाउँपालिकामा रहेका सार्वजनिक नाङ्गो डाडाहरुमा नगदेबाली तथा जडिबुटी वृक्षरोपण गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिलाई उच्च प्राथमिकतामा राखिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र तीन तहका सरकारको सहकार्यमा संचालन हुने विकास निर्माणका कार्यमा आवश्यक दक्ष तथा अदक्ष श्रमिक रोजगार सेवा केन्द्रबाट माग गरी आन्तरिक रोजगार प्रवर्द्धन गरिनेछ ।

७. स्थानीय तह भित्र परम्परागत सीपमा आधारित उत्पादनमूलक पेशा व्यवसायहरुलाई आधुनिकीरण गरी थप प्रोत्साहन गरिनेछ ।

**सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम:**

प्रविधिमैत्री स्थानीय सरकारको अवधारणाविधुतीय सुशासन तथा प्रवि ,धिमा आधारित कार्यसम्पादन र सेवा प्रवाह।

१. प्रविधिमैत्री पालिकाको अवधारण अनुरुप पालिकाको र अन्तरगतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई प्रभावकारी, जवाफदेही बनाउनका लागि प्रविधिमा आधारित कार्य सम्पादनको पारदर्शी अभ्यासमा जोड दिइनेछ।

२. इन्टरनेट सेवा प्रदायकहरुको समन्वयमा पालिका क्षेत्रभित्र इन्टरनेट सेवाको पहुँच बिस्तारमा जोड दिईनेछ।

३. संचालनमा रहेको बिद्युतीय प्रणालीहरुलाई एकीकृत र सुधार गर्दै बिद्युतीय तथ्याकं संरक्षणको लागि आवश्यक पूर्वधार तयार गरिनेछ।

४. गाउँपालिकामा संचालनमा आएका सफ्टवेरहरुलाई व्यवस्थित गरिनेछ।

५. पालिकामा संचालित मोबाइल फोनको टावारहरु थप प्रभावकारी रुपले संचालन गराउन पहल गरिनेछ।

६. संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाइ खुल्ला सरकारको नीति लिइनेछ।

७. विभिन्न संचारमाध्यमबाट सूचना संप्रेषण तथा गाउँपालिकाको गतिविधि प्रशारण गरिनेछ ।

८. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

९. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

१०. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

### ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमः

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून सङ्ग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम साथै न्यायिक विमर्श तथा छलफलका कार्यक्रमलाई अगाडी बढाइनेछ ।
६. कानून निर्माण दक्षता अभिवृद्धि गर्न आवश्यक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ।
७. न्यायिक समितीको ईजलास कक्ष निर्माण गरिनेछ ।

### ५.सुशासन, संस्थागत क्षमता विकास तथा सार्वजनिक सेवा सम्बन्धि नीति तथा कार्यक्रमः

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था सहितका विवरणहरु समावेश गरी उक्त तथ्यांक अनुसारको विद्युतीय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile) अद्यवधिक गरिनेछ।
२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममूखी बनाइनेछ ।
७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शीता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।सो

कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिइने छ।

९. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१०. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

११. नगर प्रहरी र वारुण यन्त्रका कर्मचारीहरुको संगठन तथा सर्वेक्षण गरी पदपूर्ति गर्ने नीति लिइनेछ।

१२. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१४. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामूखी तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१५. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ५. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. हतुवागढी १, २, ५ र ६ को लागि कावाखोला र पिखुवाखोलाबाट लिफ्ट सिस्टमबाट खानेपानी योजनालाई पुरा गराउन जोड दिने, वडा नं७ ., ८, ९ को लागि खानेपानी आयोजना निर्माणको लागि पहल गरिनेछ साथै संचालित खानेपानी आयोजनाहरुमा सौर्य उर्जाबाट संचालन गर्नका लागि सम्भाव्यता अध्ययनको थालनी गरिनेछ ।

२. स्वच्छ र सफा खानेपानीको लागि **"एक घर एक धारा"** मिटर प्रणालीको अवधारणा लागू गरिनेछ ।

३. "**स्थानीयको पानी सरकारको लगानी**" भन्ने नाराका साथ हतुवागढी १ घोडेटार बजार खानेपानी व्यवस्थापन गर्न स्थानीय उपभोक्ताहरुसँग वृहत छलफल गरी हतुवागढी खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गर्ने साथै सर्भे गरी खानेपानी आयोजना सञ्चालनका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

४. पानीको अभाव भएका विद्यालयहरुमा सरसफाइ, शौचालय, फूलबारी र बगैचाको लागि आकाशे पानी संकलनको आवश्यक व्यवस्था गरिनेछ ।

५. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

६. जलाधार संरक्षणका लागि एक गाउँ एक पोखरी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रवन्ध मिलाइनेछ।

७. विभिन्न स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

८. वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

९. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१०. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

११. फोहोरमैला व्यवस्थापनका लागि Landfield site को स्तरोन्नती गरिनेछ ।

१२. अस्पताल जन्य फोहोरलाई व्यवस्थित गरिनेछ ।जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

१३. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।

१४. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

**ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. सामुदायिक वनको दर्ता अभिलेख तथा कार्ययोजना स्वीकृतिलाई व्यवस्थित बनाइनेछ ।

२. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने।

३. वन तथा बन्यजन्तुको संरक्षणका लागि आगलागी तथा चोरी शिकारी हुन नदिन आवश्यक कदम चालिनेछ।

४. जंगली जीवजन्तुबाट बालीमा हुने क्षति न्युनीकरणका लागि आवश्यक कदम चालिनेछ।

५. ढुंगा, गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्दै सोबाट आन्तरिक आय बढोत्तरी गरिनेछ।

६. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
७. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
८. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
९. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
१०. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
११. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
१२. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
१३. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
१४. विपद् सम्बन्धि तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ ।
१५. गाउँपालिकाको एम्बुलेन्स तथा बारुणयन्त्रको संचालन व्यवस्थापनमा सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।
१६. विपद् जोखिम न्यूनिकरण साथै उद्दार राहत तथा प्रतिकार्यलाई चुस्त बनाईनेछ ।

## ६. भौतिक पूर्वाधार विकास (सडक, भवन, बस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रमः

### सडक पूर्वाधारः

१. घोडेटार–मचुवाटार-चुवार-हलेदे सडक अन्तर्गत २२.५ कि.मी. सडक आयोजनाको पक्की गर्ने कार्यक्रमलाई एडिबीको सहयोगमा आर. सि. आई. पी. लाई निर्माण थालनीको लागि ध्यानाकर्षण गराईनेछ ।

२. घोडेटार–कावाखोला भोजपुर सदरमुकाम जोड्ने सडक, घोडेटार–सुनबालुवा धनकुटा जोड्ने सडक, घोडेटार–पुरानो तृतीय जोड्ने सडक, घोडेटार गढी रानीवास दिमालुङ्ग सडकलाई प्राथमिकता दिई स्तरोन्नती गर्न प्रदेश-केन्द्र सरकार समक्ष अनुरोध गरिनेछ ।

३. पालिका केन्द्रलाई मुख्य राजमार्गसँग जोड्ने सडक घोडेटार होम्ताङ्ग सुनबालुवा १८ किलोमिटर सडक पक्की गर्ने कार्य भैरहेकोले उक्त सडक निर्माण कार्यलाई निरन्तरता दिन संघीय तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।

४. वडा केन्द्रहरु वडा नं १ सल्ले र २ को लुंगिनलाई घोडेटार–कावा सडकले, वडा नं ३ . सिन्द्रागंलाई घोडेटार–पुरानो तृतीयले, वडा नं ४, ७, ८ र ९ लाई घोडेटार–चुवार सडकले र वडा नंलाई घोडेटा ६र ५ .र सुनवालुवा सडकले जोड्दै वडा केन्द्रहरुलाई जोड्ने सडकहरुलाई बस सन्चालन हुने गरी बाह्रै महिना चल्ने गरी स्तरोन्नती गरिनेछ ।

५. गाउँपालिकाभित्र चक्रपथ निर्माण अवधारणालाई निरन्तरता दिइनेछ ।

६. चलायमान सडकलाई स्तरोन्नती कार्य अगाडी बढाईनेछ ।गाउँपालिका केन्द्रदेखि वडासम्मको सडकलाई ग्राभेल गर्ने योजना अगाडी बढाईनेछ।

७. सदरमुकाम जोड्ने सडक तथा तराई जोड्ने सडकलाई उच्च प्राथामिकताका साथ स्तोरन्नती तथा कालोपत्रेको योजना अगाडी बढाइनेछ ।

८. नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

९. वडाका महत्वपूर्ण स्थल, कृषि उत्पादन र निर्माणकार्यको कच्चा पदार्थ रहेका साथै महत्वपूर्ण पर्यटकीय क्षेत्रमा सडक सञ्जाल पुर्याइनेछ ।

१०. गाउँपालिका सडक गुरुयोजना अद्यवधिक गरी निर्माण भएका सबै सडकहरुको लगत संकलन, वर्गीकरण, दस्तावेजीकरण, सडक क्षेत्राधिकार र जग्गाधनी लगत कट्टा गरिने छ।

११. सर्भे भएका साना सडकहरुमा स्थानीयहरुको माग बमोजिम निश्चित सहभागिता अनिवार्य गरिनेछ ।

१२. निर्माण भई सकेका सडकहरुको वर्गीकरण गरी स्थानीय सडकहरु मर्मत संभार गर्ने नीति बनाइनेछ।

१३. घोडेटार बजारमा ढल निकास तथा सडक सोलिङ्ग क्रमशः गरिनेछ ।

**आवास तथा भवन**

१. आवास योजना र ,वस्ति विकास योजना साथै घरनक्सा पास कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। विपन्न आवास निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी □आयोजना बैंक□ तयार गरिने छ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

५. गाउँपालिकामा सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृह तथा सामुदायिक भवनमा संचालन गर्न प्राथमिकता दिइनेछ।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. सुरक्षित एवं व्यवस्थित आवास तथा भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ।

९. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१०. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

११. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

१२. निर्माणाधिन गाउँपालिका बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट प्रयोगमा ल्याइनेछ।

१३. गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पुँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मूल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ।

१५. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रमः**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. सम्पति कर व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण तथा अभिमूखीकरण गरिनेछ ।

३. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरुबिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

५. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागू गरिनेछ ।

**धन्यवाद ।।**

**आज्ञाले:**

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**

हतुवागढी गाउँपालिका